# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं.०८१/०८२
च.नं.

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


**बिषय : पञ्चेबाजा तालिममा सहभागीका लागि सूचना आह्वान**
प्रकाशित मिति : २०८१/०९/०४)

बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को लागि नगरसभाबाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम बमोजिम संस्कृति संरक्षण र प्रवर्द्धनका लागि पाँच (५) समूहलाई पञ्चेबाजा तालिम आयोजना गरिने भएकोले इच्छुक नगरवासी महानुभावहरुलाई तपसिलको शर्तको अधिनमा रही २०८१/०९/१८ गते कार्यालय समय भित्रै बुटवल उपमहानगरपालिकामा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

**शर्त तथा प्रावधानहरू**

१. तालिम लिन इच्छुक बुटवल उपमहानगरपालिका वडा नं. १ देखि वडा नं. १९ सम्मका नगरबासीहरुले १३ जनाको समूह बनाई निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथमा नागरिकता प्रमाणपत्रको छायाँकपी र सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र संलग्न राख्नु पर्नेछ ।
२. तालिममा सहभागी हुन १३ जनाको समूह बनाई एकमुष्ठ कागजात संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।
३. सहभागी टिम छनौट गर्दा महिला समूह र बुटवल उपमहानगरपालिकाका स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।
४. प्राप्त निवेदन मध्ये जम्मा ५ समूह छनौट गरिनेछ । छनौट भएका सहभागी टिमलाई १५ दिनको तालिम उपलब्ध गराइनेछ । तालिम उपमहानगरपालिकाले तोकेको स्थानमा हुनेछ । सहभागीहरुले यातायात खर्च र खाजा खर्चको व्यवस्थापन सहभागी स्वंयले मिलाउनु पर्नेछ ।
५. तालिम सम्पन्न भए पश्चात् प्रत्येक समूहलाई १/१ सेट पञ्चेबाजा भरपाई गरी उपलब्ध गराइनेछ ।
६. पञ्चेबाजा सेट प्राप्त गर्ने समूहले बुटवल उपमहानगरपालिकाको स्थापना दिवस, जीतगढी विजयोत्सव दिवस लगायत अन्य उपमहानगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा अनिवार्य रुपमा सहभागी भई बाजा बजाउनु पर्नेछ । सो वापत सामान्य यातायात व्यवस्थापन बाहेक अन्य खर्च उपमहानगरपालिकाबाट उपलब्ध गराइने छैन ।
७. अन्य शर्त तथा प्रावधानहरु बुटवल उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ ।

अनुरोधक
बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बुटवल